# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, बैशाख २३ गते, २०७६ साल (अतिरिक्ताङ्क ७


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ५

## <u>प्रदेश नं. ५, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन</u>

**प्रस्तावना :** पशुपालन व्यवसायलाई आधुनिक, व्यवस्थित र व्यवसायिक तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणले पनि पशु वा पशुजन्य पदार्थ गुणस्तरीय उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "प्रदेश नं. ५, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "आनुवांशिकी स्रोत" भन्नाले पशुपन्छी पालनको दृष्ट्रिकोणले महत्वपूर्ण स्थानीय पशुपन्छी तथा घाँसका प्रजातीहरू सम्झनु पर्छ।

(ख) "जैविक पदार्थ" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधि खोप वा जैविक रसायन सम्झनु पर्छ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "निकासी कर्ता" भन्नाले देशको जुनसुकै स्थानबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ।

(ङ) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्दछ र सो शब्दले पन्छी र माछालाई समेत जनाउँछ ।

(च) "पशुजन्य उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्यमा कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित सामग्री सम्झनु पर्छ ।

(छ) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मल-मूत्र वा सो बाट बनाइएको अप्रशोधित वस्तु सम्झनु पर्छ ।

(ज) "पशु सेवा" भन्नाले पशुपालन र यससँग सम्बन्धित सम्पूर्ण कार्यहरु, अनुसन्धान र प्रसार समेतलाई जनाउँछ।

(झ) "पैठारी कर्ता" भन्नाले नेपाल बाहिरबाट पशु, पशुजन्य वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ञ) "भेटेरिनरी निरीक्षक" भन्नाले दफा १८ (१) बमोजिम नियुक्ति गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालय सम्झनु पर्छ।

(ठ) "संक्रामक रोग" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा तोकेका रोगहरुलाई समेत जनाउँदछ।

(ड) "महामारी रोग" भन्नाले पशुपन्छीबाट पशुपन्छीमा तथा मानिसमा समेत छिटोछिटो सर्ने खालका रोगहरू र समय-समयमा प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित भएका रोगहरू सम्झनु पर्छ।

## परिच्छेद-२

## पशु नश्ल सुधार र संरक्षण सम्बन्धी व्यवस्था

३. **सूचना जारी गर्न सक्ने:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशमा रहेका कुनै जातका पशुको वंश लोप हुनबाट बचाउन वा तिनीहरुको नश्ल सुधार गर्ने दृष्टिले प्रदेश अन्तर्गत कुनै क्षेत्रमा

सोही सूचनामा तोकेको जातको भाले पशु बन्ध्याकरण नगरी राख्नु पर्नेगरी सूचना जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको जातको पशु पालेको पाइएमा सम्बन्धित क्षेत्रको स्थानीय तहले पशु सेवा सम्बन्धी कार्य हेर्ने अधिकृतलाई त्यस्तो भाले पशुलाई खसी नपार्ने गरी संरक्षण गर्न आदेश दिन सक्नेछ ।

(३) उच्च जातका पशु विकासका लागि विभिन्न पशुबाट नश्ल सुधारको कानूनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

४. **उद्योग स्थापना गर्न सिफारिश पत्र लिनुपर्ने :** जैविक पदार्थ, अण्डा, चल्ला उत्पादनका लागि पन्छीका माउ पोथी, माछा, पशु पाल्ने गरी वा पशु दाना वा मासु प्रशोधन तथा ठूलो डेरी सम्बन्धी उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिम तोकिएको निकायबाट सिफारिश पत्र लिई प्रारम्भिक वातावरणीय परीक्षण (आई. ई. ई.) गर्नु पर्नेछ ।

५. **निकासी तथा पैठारी गर्न सिफारिस लिनुपर्नेः** जैविक पदार्थ, अण्डा, चल्ला, माछाका भूरा, पशु दाना, मासु तथा दूध निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिए बमोजिम निकासी पैठारीको लागि सिफारिश पत्र लिनुपर्नेछ ।

६. **अनुमति-पत्र लिनुपर्नेः** (१) पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीहरुको विक्री वितरण गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको निकायबाट तोकिए बमोजिम अनुमति-पत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विक्री वितरण गरिने जैविक पदार्थ, अण्डा, चल्ला, माछाका भूरा, मासु तथा दूधको गुणस्तर तथा मापदण्ड प्रदेश सरकारबाट तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ४
## महामारी रोगको नियन्त्रण

७. **महामारी रोग:** (१) महामारी रोग नियन्त्रण गर्न प्रदेशमा "प्रदेश स्तरीय पशुपन्छी रोगको महामारी नियन्त्रण समिति" र स्थानीय तहमा "पशुपन्छी रोगको महामारी नियन्त्रण स्थानीय समिति" गठन गर्न सकिनेछ र सो समितिले जैविक सुरक्षा र निसंक्रमणको व्यवस्था गर्नेछ ।

(२) उपदफा (२) अनुसार कार्यान्वयनका लागि प्रदेश सरकार र स्थानीय तहले पशुपन्छी रोगको महामारी नियन्त्रण कार्यविधी, निर्देशिका र मापदण्ड तयार गरि लागु गर्न सक्नेछन् ।

## परिच्छेद - ५
## पशु सेवा तथा पशु स्वास्थ्य सम्बन्धी व्यवस्था

८. **दुग्ध विकास:** (१) दुग्ध डेरी र अन्य दुग्धजन्य व्यवसायलाई व्यवस्थित गर्नका लागि मन्त्रालय मातहत दुग्ध विकास बोर्ड स्थापना हुनेछ । बोर्डको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) दूध तथा दुग्धजन्य पदार्थको बिक्री वितरणको नियमन तथा अनुगमन गर्न मन्त्रालयबाट तोकिएका महाशाखा प्रमुखको संयोजकत्वमा विशेषज्ञ सहितको अनुगमन समिति गठन हुनेछ।

९. **पाराभेटको दर्ता, अनुमति, नवीकरण, नियमन र खारेजी:** (१) स्थानीय स्तरमा रही पशुपन्छी उत्पादनका क्षेत्रमा उपचार, भ्याक्सिनेशन, पशुपन्छीजन्य सामग्री विक्री वितरण गर्ने प्राईभेट पाराभेटहरुको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

(२) प्राईभेट पाराभेटहरुको दर्ता सम्बद्ध स्थानीय तहमा हुनेछ र सोको अभिलेख मन्त्रालयमा राखिनेछ । प्राईभेट पाराभेटहरुको नियमन र खारेजी मन्त्रालय आफै वा सम्बद्ध स्थानीय तह मार्फत गर्न वा गराउन सक्नेछ।

१०. **औषधी पसल नियमनः** प्रदेश स्तरमा पशुपन्छीहरुको रोगको रोकथाम, उपचार तथा फिड सप्लिमेन्टको रुपमा प्रयोग गरिने औषधिलाई व्यवस्थित गर्न तथा सोही प्रकृतिका औषधि तथा फिड सप्लिमेन्टको बिक्री वितरण तोकिए बमोजिम व्यवस्थित गरिनेछ।

११. **स्थानीय जातका पशु र घाँसेबालीको संरक्षणः** स्थानीय स्तरमा रहेका पशुपन्छी, माछा तथा घाँसे वालीहरुको उचित व्यवस्थापन, स्याहार सुसार र संरक्षण तोकिए बमोजिम गरिनेछ।

१२. **चरन तथा खर्क विकासः** (१) चरन तथा खर्क विकासका कार्यक्रमहरु गर्न स्थानीयस्तर वा समुदायस्तरमा खर्क उपभोक्ताहरुको समूह वा समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने खर्क उपभोक्ता समूह वा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ६
## सजाय र पुनरावेदन

१३. **सजाय र पुनरावेदनः** (१) दफा ४ वा दफा ५ को उल्लंघन गर्ने व्यक्तिलाई पच्चीस हजारदेखी पचास हजार रुपैयासम्म जरिवाना हुनेछ । त्यसरी पैठारी गर्दा पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग भएको पाइएमा दोब्बर जरिवाना हुनेछ ।

(२) दफा ६ (१) को उल्लंघन गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयासम्म जरिवाना हुनेछ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीको उल्लंघन गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी पच्चीस हजार देखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१४. **मुद्दाको तहकिकात र दायरीः** (१) यस ऐन अन्तर्गत कसूरको तहकीकात मन्त्रालयले तोकेको कम्तिमा राजपत्राङ्कित तृतिय श्रेणीको प्राविधिकले

गर्नेछ र त्यस्तो तहकीकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा तहकीकात गर्ने कर्मचारीले सरकारी वकीलसँग राय सल्लाह लिनु पर्नेछ।

१५. **मुद्दा हेर्ने अधिकारीः** दफा १४ अन्तर्गतको मुद्दा हेर्ने अधिकारी मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

१६. **प्रदेश सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा प्रदेश सरकार वादी हुनेछ ।

१७. **पुनरावेदनः** दफा १५ बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतिस दिन भित्र मन्त्रालयका सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-७
## विविध

१८. **भेटेरीनरी निरीक्षकको नियुक्तिः** (१) मन्त्रालयले पशु औषधि वा जैविक पदार्थको गुणस्तर निर्धारित मापदण्ड अनुसार भए नभएको जाँच गर्न आवश्यक स्थान तथा संस्थामा कम्तीमा भेटेरीनरी विषयमा स्नातक उपाधि हासिल गरेको भेटेरीनरी निरीक्षकको नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने भेटेरीनरी निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम अधिकार प्राप्त व्यक्तिले, मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफू-मातहतका कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२०. **पशुप्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पशु प्रति हुने निर्दयी व्यवहारमा रोक लगाउन र पशु ढुवानी मापदण्ड तयार गरी लागु गर्न सक्नेछ ।

(२) बजार क्षेत्र तथा सडकमा चौपाया र पशुपन्छी छाडा रूपमा छोड्न पाइने छैन । यदि त्यसो गरेको पाईएमा चौपाया र पशुपन्छी धनीलाई कसुर हेरी क्षतिपूर्ति सहित जरिवाना हुनेछ ।

२१. **जाँचबुझ गर्न सक्नेः** (१) अधिकार प्राप्त व्यक्ति वा शाखा प्रमुखलाई कुनै पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जाँचबुझ गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीको जाँचबुझ गर्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका र प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरु लागेको पाइएमा अधिकार प्राप्त व्याक्तिले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा अधिकार प्राप्त व्यक्तिले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री नष्ट गर्ने तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२२. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) संक्रामक रोग भएको पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री पैठारी गर्दा कसैलाई हानी नोक्सानी हुन गएमा जाँचबुझ समितिको प्रतिवेदनको आधारमा पीडितलाई पैठारीकर्ताले क्षतिपूर्ति दिनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि मन्त्रालयले तोकिएबमोजिम जाँचबुझ समिति गठन गर्नेछ।

२३. **<u>बाधा नहुने:</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै प्रशोधित पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग लागेको आशंका भएमा त्यस्तो प्रशोधित पशुजन्य पदार्थ वा पशुजन्य उत्पादित सामग्रीलाई क्वारेन्टाइनमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२४. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस ऐनमा उल्लेखित भए जति सबै कुरामा यसै ऐन बमोजिम हुने र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२५. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियम, कार्यविधि निर्देशिका बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः २०७६/०१/२३

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय